# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९

## धनकुटा नगरपालिका
## धनकुटा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानूनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाहलगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फस्यौंटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**टंकमणि शर्मा, दंगाल**
**महालेखापरीक्षक**

२०७९ आषाढ

# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal


### प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, प्रदेश नं. १

पत्र संख्याः २०७८।७९
च.नं. ४५८ मितिः २०७९।३।२०

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
धनकुटा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
धनकुटा ।

**कैफियतसहितको राय**

हामीले धनकुटा नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा पूर्णरुपमा सबै कारोबार समावेश नगरी वित्तीय विवरण तयार गरेको छ ।

२. लेखापरीक्षणबाट रू. १ करोड ६३ लाख ४० हजार बेरुजू देखिएकोमा प्रतिक्रिया प्रमाण पेश हुन आएको छैन। उक्त बेरुजुमध्ये असुल गर्नुपर्ने रू. २१ लाख ६० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १९ लाख ७७ हजार, नियमित गर्नुपर्ने रू. ९७ लाख ८४ हजार र पेश्की रू. २४ लाख १९ हजार रहेको छ । पालिकाको गतवर्ष रु. २० करोड ७८ लाख २२ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. २१ करोड ९३ लाख ७४ हजार रहेको छ।धनकुटा नगरपालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजुस्थिति यसैसाथ संलग्न छ ।

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्म प्रसाद आचार्य)
नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

धनकुटा नगरपालिका

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ३३ | २६ | १६३४० | ० | ० | ० | ३३ | २६ | १६३४० | २१६० | ९७८४ | १९७७ | ० | ० | ११७६१ | २४१९ |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कूल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| धनकुटा | २०७८२२ | ० | ४७८८ | २०३०३४ | ० | १६३४० | २१९३७४ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : धनकुटा नगरपालिका, धनकुटा , धनकुटा नगरपालिका , धनकुटा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | राम वहादुर थापा | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | नर वहादुर भुजेल | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | १६,३३९,८३६ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ४,५२,६६,१३२.३ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ६१,५७,१४,३३८.१५ | **चालु खर्च** | ३९,९०,२८,८३५.२६ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,२१,४९,००० | **पूँजीगत खर्च** | २०,५७,८०,००६ |
| **राजश्व बाँडफाँट** | ९,२८,०६,४४९.९८ | **वित्तीय/अन्य व्यवस्था** | २०,६७,७७,६०६ |
| **आन्तरिक आय** | ३,७६,३४,६७०.४१ | | |
| **अन्य आय** | २,३९,४४,०४६.६६ | | |
| **कुल आय** | ८०,२२,४८,५०५.२ | **कुल खर्च** | ८१,१५,८६,४४७.२६ |
| **बाँकी मौज्दात** | | ३,५९,२८,१९०.२४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **लेखापरीक्षण**<br>उपरोक्त आर्थिक कारोवारहरुको पेश भएसम्मको स्रेस्ता र प्राप्त आन्तरिक लेखापरीक्षण प्रतिवेदनको मुल्याङ्कन तथा लेखापरीक्षण योजना वमोजिम लेखापरीक्षणको उद्देश्य प्राप्तिको लागि जोखिम विश्लेषण, नमुना छनौट र लिखित प्रतिनिधित्व पत्रको आधारमा लेखापरीक्षण नीति, मानदण्ड, मार्गदर्शन, निर्देशन एवं व्यवसायीक लेखापरीक्षका असल अभ्यासका आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निष्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षमा रहेको छ । लेखापरीक्षणवाट देखिएका व्यहोरा उपर नगरपालिका पदाधिकारीहरुसँग मिति २०७८।११।०५ मा छलफल भई कायम हुन आएका व्यहोराहरु निम्नानुसार छन् । | |
| २ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । नगरपालिका अन्तर्गत १० वडा, ५४ सभा सदस्य, ११०.८ वर्ग किलोमिटर क्षेत्रफल रहेको र राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदन अनुसार ३६१५६ जनसंख्या रहेको छ । | |
| ३ | | | **लेखापरीक्षणको क्रममा असूली**<br>लेखापरीक्षणको क्रममा लेखापरीक्षकले औल्याएपश्चात वढी भुक्तानी भएको, कट्टा नगरेको अग्रिम कर गरी जम्मा रु.५०७००।०० असूल भै दाखिला भएको छ । | |
| ४ | | | **स्थानीय संचित कोष** | |

आर्थिक वर्ष २०७७।७८ को स्थानीय सञ्चित कोष आय व्यय हिसावको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/सोभै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/सोभै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ७०,८६,३८,५८६.१३ | ६९,०५,०७,६०८.७३ | ५३,७३,२५५.३५ | ६९,५८,८०,८६४.०८ | ७२,५२,१५,४७६.०६ | १५,००,००० | ७२,६७,१५,४७६.०६ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ६९,०३,३०,५५० | ६६,९२,२१,७६५.४१ | ५३,७३,२५५.३५ | ६७,४५,९५,०२०.७६ | ५९,४४,५८,६९४.५० | १५,००,००० | ५९,५९,५८,६९४.५० |
| ११००० कर | ११ | ११,२४,२४,५५० | १०,४३,८४,४९४.२९ | ० | १०,४३,८४,४९४.२९ | ८,१४,०६,३२४.६९ | ० | ८,१४,०६,३२४.६९ |
| १३००० अनुदान | | ५५,००,७१,००० | ५४,५८,३०,९०२.५० | ५३,७३,२५५.३५ | ५५,१२,०४,१५७.८५ | ४९,१६,६९,८३५ | १५,००,००० | ४९,३१,६९,८३५ |
| संघीय सरकार | १२ | ५१,७९,२२,००० | ५१,२०,२१,००० | ५३,७३,२५५.३५ | ५१,७३,९४,२५५.३५ | ४१,२१,२१,००० | १५,००,००० | ४१,३६,२१,००० |
| प्रदेश सरकार | १२ | ३,२१,४९,००० | ३,२१,४९,००० | ० | ३,२१,४९,००० | ७,७०,७६,०३५ | ० | ७,७०,७६,०३५ |
| अन्तरिक श्रोत | १२ | ० | १६,६०,९०२.५० | ० | १६,६०,९०२.५० | ० | ० | ० |
| जनसहभागिता | | ० | ० | ० | ० | २४,७२,८०० | ० | २४,७२,८०० |
| १४००० अन्य राजस्व | | २,७७,८५,००० | १,८९,४३,०९७.६२ | ० | १,८९,४३,०९७.६२ | १,९०,३२,४०९.८१ | ० | १,९०,३२,४०९.८१ |
| १५००० विविध प्राप्ति | | ५०,००० | ६३,२७१ | ० | ६३,२७१ | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | १,८३,०८,०३६.१३ | २,१२,८५,८४३.३२ | | २,१२,८५,८४३.३२ | १३,०७,५६,७८१.५६ | | १३,०७,५६,७८१.५६ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | १,८३,०८,०३६.१३ | १,६८,४४,९३२.३२ | ० | १,६८,४४,९३२.३२ | ३,२४,४२,७१५.२२ | ० | ३,२४,४२,७१५.२२ |
| धरौटी | | ० | ४४,४०,९११ | ० | ४४,४०,९११ | ३४,०९,१७९ | ० | ३४,०९,१७९ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ९,४९,०४,८८७.३४ | ० | ९,४९,०४,८८७.३४ |
| भुक्तानी (ग+घ) | | ७४,८६,३२,१५८.१३ | ६५,२३,९०,८८३.७५ | २१,८३,८४४ | ६५,४५,७४,७२७.७५ | ७४,४०,५१,३६१.२२ | १४,१८,४५१ | ७४,५४,६९,८१२.२२ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ७३,०३,२४,१२२ | ६४,४१,५६,४८१.७५ | २१,८३,८४४ | ६४,६३,४०,३२५.७५ | ६२,१९,९८,९७०.७५ | १४,१८,४५१ | ६२,३४,१७,४२१.७५ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २३,७३,०३,५५० | २२,००,२८,८६७.९२ | ० | २२,००,२८,८६७.९२ | २१,८४,९६,९२६.०७ | ० | २१,८४,९६,९२६.०७ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १४,६५,२६,५०० | १०,७६,६४,६६६.१८ | ० | १०,७६,६४,६६६.१८ | ७,९४,४२,९८२.६१ | ० | ७,९४,४२,९८२.६१ |
| २४००० ब्याज, सेवा शुल्क तथा बैंक कमिशन | १८ | ० | ० | ० | ० | ६,३३,००९.५२ | ० | ६,३३,००९.५२ |
| २५००० सहायता (Subsidy) | १८ | ४,८७,११,००० | ४,६६,५८,५६१.१० | ० | ४,६६,५८,५६१.१० | १,००,२५,००० | ० | १,००,२५,००० |
| २६००० अनुदान | १८ | १,३०,००० | १,३०,००० | ० | १,३०,००० | १७,५०,००० | ० | १७,५०,००० |
| २७००० सामाजिक सुरक्षा | १८ | ४१,९२,००० | ४१,९१,६९९ | ० | ४१,९१,६९९ | १,०९,९७,०४२ | ० | १,०९,९७,०४२ |
| २८००० अन्य खर्च | १८ | २,५४,९९,५०० | २,५१,३५,०३८.०६ | ० | २,५१,३५,०३८.०६ | १,१५,७९,८९१ | ० | १,१५,७९,८९१ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २६,४९,६१,५७२ | २३,८३,४४,२५० | २१,८३,८४४ | २४,०५,२८,०९४ | २८,७६,१६,२७०.८२ | १४,१८,४५१ | २८,९०,३४,७२१.८२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३२००० वित्तीय सम्पत्ति | १८ | ३०,००,००० | २०,०३,३९९.४९ | ० | २०,०३,३९९.४९ | ० | ० | ० |
| ३३००० दायित्व | १८ | ० | ० | ० | ० | १४,५७,८४८.७३ | ० | १४,५७,८४८.७३ |
| घ. अन्य भूक्तानी | | १,८३,०८,०३६.१३ | ८२,३४,४०२ | | ८२,३४,४०२ | ७४,४०,५१,३६१.२२ | १४,१८,४५१ | ७४,५४,६९,८१२.२२ |
| कोषहरु | | १,८३,०८,०३६.१३ | ६१,५९,३७८ | ० | ६१,५९,३७८ | २,३७,०७,६४० | ० | २,३७,०७,६४० |
| धरौटी | | ० | २०,७५,०२४ | ० | २०,७५,०२४ | ३४,३९,८६३.१३ | ० | ३४,३९,८६३.१३ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ९,४९,०४,८८७.३४ | ० | ९,४९,०४,८८७.३४ |
| ङ. यो वर्षको बचत (न्युन) | | (३,९९,९३,५७२) | ३,८१,१६,७२४.९८ | ३१,८९,४११.३५ | ४,१३,०६,१३६.३३ | (१,८८,३५,८८५.१६) | ८१,५४९ | (१,८७,५४,३३६.१६) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ३,७३,७९,०६६.४६ | | ३,७३,७९,०६६.४६ | ४,७२,५८,७४९.६७ | | ४,७२,५८,७४९.६७ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (३,९९,९३,५७२) | ७,५४,९५,७९१.४४ | ३१,८९,४११.३५ | ७,८६,८५,२०२.७९ | २,८४,२२,८६४.५१ | ८१,५४९ | २,८५,०४,४१३.५१ |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | ७,८६,८५,२०२.७९ | | ७,८६,८५,२०२.७९ | ४,४९,१८,७५०.१६ | | ४,४९,१८,७५०.१६ |

५

**वित्तिय विवरण**

उपरोक्त वित्तिय प्रतिवेदनको आधारमा देखिएका व्यहोरा निम्न छन ।

- कार्यालयले उपलब्ध गराएको आ.व २०७७/०७८ को वित्तिय प्रतिवेदन ( म.ले.प.फा.नं २७२) बमोजिम रु.७१३८७५६७३.०६ ( अन्तरसरकारी वित्तिय हस्तान्तरण वाट प्राप्ति अख्ततियारीको खर्च र बैंक मौज्दात बाहेक) खर्च गरेको देखियो। अन्तरसरकारी वित्तिय हस्तान्तरणबाट प्राप्त रकम बाट सामाजिक सुरक्षा, विश्रान्ति मन्दिर, गरिवसँग विश्वेश्वर कार्यक्रम, स्थानिय विकास साझेदारी र स्थानिय तह प्रशासनिक भवन शिर्षकमा प्राप्ति तथा भुक्तानी खर्च रु.९७७१०७६४.२० म.ले.प.फा.नं २७२ (नगरपालिकाको वित्तिय प्रतिवेदनमा समावेश भएको देखिदैन । उक्त रकमको आम्दानी र खर्च नगरपालिकाले गरेको देखिन्छ। खर्च गरेको रकम वित्तिय प्रतिवेदनमा समाविष्ट नभएबाट उक्त प्रतिवेदनले न.पा को समग्र आर्थिक कारोबारको चित्रण गरेको छैन ।
- नन अपरेटिङ खाताः नगरपालिकाको वित्तिय प्रतिवेदनमा समावेश गरेको जाँचपास कोष तथा पुरानो मूल कोषमा क्रमशः रु. ३७०३६०.०२ र रु. ३३०७६ समेत रु.४०३४३६.०२ मौज्दात बाँकी देखाएको छ । उक्त कोषहरु संचालन नभइ गत विगत देखी नै निष्क्रिय रहेकोले उक्त खाताको रकम संघीय संचित कोष वा स्थानिय संचित कोषमा रकम ट्रान्सफर गर्नुपर्ने देखिएको छ।

६

**खर्चको विश्लेषण**

पालिकाले यस बर्ष कुल आन्तरिक आयबाट ५ करोड ७४ लाख २४ हजार, राजस्व बाँडफाट र अनुदानबाट ६४ करोड ३१ लाख ५१ हजार समेत रु.७० करोड ५ लाख ७५ हजार आम्दानी भएकोमा चालु तर्फ रु.४० करोड ३८ लाख ९ हजार, पुँजिगत तर्फ रु.२४ करोड ५ लाख २८ हजार र वित्तिय व्यवस्थामा रु.२० लाख ३ हजार समेत रु.६४ करोड ६३ लाख ४० हजार खर्च गरेको छ । यस बर्ष पदाधिकारी सुविधामा रु.९५ लाख ६ हजार खर्च भएको छ । जुन आन्तरिक आयको २७.६४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ६२.७८ प्रतिशत चालु र ३७.३९ प्रतिशत मात्र पुँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट

पालिकाले विकास निर्माण प्रयोजनको लागि न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरी वजेट खर्चको प्रतिफल लक्षित वर्ग सम्म पुर्याउनु पर्दछ ।

७

**योजना र कार्यान्वयन**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना बनाउदा सहभागीतामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । पालिकाले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठूला योजना छनौट गरि साना र टुक्रे योजनामा ठूलो मात्रामा वजेट छुट्याको अवस्था छ । साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दीर्घकालीन उपलब्धि नहुने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठूला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष उपभोक्ता समिति र ठेक्कापट्टा मार्फत भएका कामका योजनाहरु देहाय अनुसार छन् ।

| क्र.सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु. १ लाख भन्दा कमको योजना | ३० | १७४८००० |
| २ | रु. १ लाख देखि ५ लाख भन्दा कमका योजना | १८७ | ३७९३४००० |
| ३ | रु. ५ लाख देखि १० लाख सम्मका योजना | ५७ | ४३३६८००० |
| ४ | रु. १० लाख भन्दा बढी रु. ५० लाख सम्मका योजना | २८ | ८७३८१५७२ |
| ५ | रु. ५० लाख भन्दा बढीका योजना | ७ | ९४५३०००० |

८

**आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ। नगरपालिकामा ऐनमा भएको व्यवस्था वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन नगरेको कारण निम्नानुसार देखिएको छ ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन ।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गरी गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• पदाधिकारीहरुलाई मासिक अनुगमन प्रतिवेदन संलग्न नगरी अनुगमन सुबिधा खर्च लेख्ने गरेको ।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।<br>• तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा नगरपालिकाले तलवी प्रतिवेदन पारित गरेको पाइएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ९ | | | **सेवा प्रवाह**<br>स्थानिय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था गरेको छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता ७०९ वटा, मृत्युदर्ता २४४ वटा, सम्बन्ध विच्छेद १७ वटा, विवाह दर्ता १९३ वटा, बसाइसराई दर्ता १२६ वटा, घरबाटो सिफारिस ५६४ वटा, नागरिक्ता सिफारिस ८६३ वटा, नाता प्रमाणित ३०० वटा, चार किल्ला प्रमाणित ५४३ वटा र नक्सा पास ७१ वटा दर्ता तथा सिफारिस गरी सेवा प्रवाह गरेको देखियो । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून तथा मापदण्ड भने बनाएको देखिएन । | |
| | | | | | |

| | | | | |
|---|---|---|---|---|
| १० | | | **न्यायिक समिति**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको ६० उजुरी मध्ये न्यायिक समितिबाट समाधान भएका ३०, आफै मिलापत्र गरेका १६, आर्दश गरिएका ४, अदालत गएका ५, अधिकार क्षेत्र बाहिर भएका २, समाधानको प्रक्रियामा रहेका ३ वटा छन । समितिमा परेका उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फर्छ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ। | |
| ११ | | | **सल्लाहकार सुविधा**<br>प्रदेश नं १, गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५ ले पदाधिकारी सुविधामा देहाय बमोजिमका सल्लाहकार राख्न पाउने सुविधा देएको देखिदैन। निम्नानुसारका कानुनी, राजनीतिक र प्रेस सल्लाहकार राखी देहायको सुविधा प्रदान गरेको देखियो । गाउँ तथा नगर सभाका सदस्यले पाउने सुविधा सम्बन्धि ऐन, २०७५ विपरीतको खर्च भुक्तानी गरेको कानून सम्मत नदेखिएको रु. | ६००,००० |
| १२ | | | **पारिश्रमिक कर**<br>आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम नियमित रुपमा नभई पटके रुपमा दिइने बैठक भत्ता तथा अन्य भत्ता सुविधाहरु भुक्तानी गर्दा १५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने उल्लेख छ । निम्नानुसारका सल्लाहकारहरुलाई देहाय बमोजिमको भुक्ततानी मा घटी कर कट्टा गरेकोले असुल गर्नुपर्ने रु. | ६३,००० |

| सल्लाहकार | नाम | रकम |
|---|---|---|
| कानूनी सल्लाहकार | दिनेश पौडेल | ३००००० |
| राजनितिक सल्लाहकार | नरेन्द्र पोखरेल | १८०००० |
| प्रेश सल्लाहकार | सोभिस चेम्जोङ्ग | १२०००० |
| जम्माः | | ६००००० |

| सल्लाहकार | नाम | रकम | कट्टा गर्नुपर्ने | कट्टा गरेको | नपुग कर | कैफियत |
|---|---|---|---|---|---|---|
| कानूनी सल्लाहकार | दिनेश पौडैल | ३००००० | ३३७५० | २२५० | ३१५०० | श्रावण-चैत्र सम्म |
| राजनीतिक सल्लाहकार | नरेन्द्र पोखरेल | १८०००० | २०२५० | १३५० | १८९०० | श्रावण-चैत्र सम्म |
| प्रेश सल्लाहकार | सोभिस चेम्जोङ्ग | १२०००० | १३५०० | ९०० | १२६०० | श्रावण-चैत्र सम्म |
| जम्मा | | | ६७५०० | ४५०० | ६३००० | |

१३

**अवण्डा वजेट**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम बजेट अनुमान तयार गर्दा कार्यक्रम र बजेट सहित सभामा पेश गर्नुपर्ने व्यवस्था छ। जनताको अपेक्षा नगरको सुभेक्षा शिर्षक राखी एकमुष्ट रु. ६५ लाख बजेट व्यवस्था गरी कार्यपालिकाको पटके निर्णयको आधारमा विभिन्न ४१ वटा योजनाहरुमा खर्च गरेको देखिन्छ । स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भइ सकेपछि प्राप्त बजेट र कार्यक्रमको आधारमा प्रमुख प्रशासकिय अधिकृतले बजेट खर्च गर्नुपर्दछ। योजना छनौट गर्दा प्राथामिकीकरण नगरी बजेट तर्जुमा गरेको कारणले योजना निश्चित गर्न नसक्नु जस्ता कारणले एकमुष्ट योजना मा रु.६५००००० बजेट व्यवस्था गरी पटक पटक को कार्यपालिकाको निर्णयको आधारमा बजेट खर्च गर्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ को कार्यक्रम बजेट पारीत गर्ने कानुनी व्यवस्था पालना नगरेको देखियो ।तर्सथ अवण्डामा बजेट नराखी सभाबाट कार्यक्रम पारित बजेट खर्च गर्नुपर्दछ ।

१४

**शिक्षक दरबन्दी तथा पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । नगरपालिका अन्तर्गत विभिन्न तहका ३९ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| विधालय संख्या | शिक्षक दरवन्दी | पदपूर्ति | पदपुर्ति मध्ये करार | विद्यार्थि संख्या |
|---|---|---|---|---|
| ३९ | ३१९ | ३०९ | ८१ | ९३२२ |

१५

**दिवा खाजा कार्यक्रम**

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव श्रोत विकास केन्द्र भक्तपुरको कार्यक्रम कार्यान्वयन प्रतिका २०७७/७८ को कियाकलाप नं २.७.११.१ बमोजिम दिवा खाजा कार्यक्रम अन्तर्गत स्थानिय तहले कार्यक्रम कार्यान्वयन गर्दा सामुदायिक विद्यालयमा प्रारम्भिक बाल विकास कक्षा देखी ५ सम्म अध्यनरत बालबालिकाहरुलाई स्थानिय तहले प्रति विद्यार्थी दैनिक रु १५ दरले खाजा वापतको रकम अनुदान दिने व्यवस्था छ । भौ.नं १९३ मित २०७८/३/२० बाट देउराली मा.वि धनकुटा ८ लाई कक्षा

१४९,९४०

६ देखी १० सम्मका ८२ जना विद्यार्थिलाई २०७८/३/७ को निर्णयनानुसार आठपहरीया जातीको बसोबास भएको पिछडिएको गरिव क्षेत्र भएकोले खाजा वापत कक्षा ६ देखी १० सम्मका विद्यार्थिहरुलाई पनि समानीकरण अनुदानबाट शैक्षिक सुधार शिर्षकमा व्यवस्था भएको बजेटबाट खर्च लेखेको छ । विद्यालयबाट पेश गरेको कक्षा ६ देखी १० सम्ममा ८२ जना विद्यार्थि उल्लेख गरेको छ । कोभड १९ को कारणले १२२ दिन विद्यालय संचालन भएको जनाई कक्षा ५ सम्मका विद्यार्थीलाई शर्शत अनुदान शिर्षकबाट निकासा गरेकोले १२२ दिन कक्षा संचालन भएको जनाई प्रति दिन १५ का दरले ८२ जनाको रु.१५००६०। नगरपालकाको निर्णयानुसार खर्च गर्ना सकिनेमा रु.३०००००। निकासा गरेकोले विद्यालय संचालन भएको उल्लेखित दिन १२२ ले बढी गणना देखाई रु.१४९९४० बढी निकासा गरेको रकम असूल हुनुपर्ने रु.

| **क्रम** | **कर्मचारीको नाम** | **असुली रकम** |
|---|---|---|
| १५.१ | दिवा खाजा | १,४९,९४० |

१६

**कर्मचारी कल्याण कोष**

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानिय तहले स्थानिय सेवाको आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाइ आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम वरावरले हुन आउने रकम थप गरी जम्मा गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस बर्ष वित्तिय समानिकरणबाट कर्मचारी कल्याण कोषमा ५० लाख रुपैया कोषमा ट्रान्स्फर गरेको छ । तर १० प्रतिशतले हुन आउने रकम नराखेको कारण त्यस कोषमा कार्यालयको मात्र योगदान रही कर्मचारिको योगदान देखिएन । यसरी कर्मचारिको योगदान वेगर कार्यालयको मात्र योगदान रहने गरी कल्याण कोष खडा गर्नु ऐन विपरित हुने हुनाले ऐनमा भएको व्यवस्था विपरित कर्मचारिले खाइपाइ आएको १० प्रतिशत रकम नपठाइ कल्याण कोष संचालन गर्नु उचित देखिएन । कानुनमा भएको उपरोक्त व्यवस्थाको पालना गर्नु पर्दछ ।

१७

**औषधी उपचार अभिलेख**

स्थानीय स्वयत्त शासन नियमावली, २०५६ को नियम २६६(२) अनुसार स्थानीय निकायको कुनै कर्मचारी वा निजको परिवारको सदस्य विरामी भएमा उपनियम १ वमोजिम औषधी उपचार वापतको रकम सेवा निवृत्त हुँदा पाउने सुविधामा कट्टा हुने गरी उपचार खर्च पाउने व्यवस्था वमोजिम यस वर्ष नगरपालिकामा कार्यरत २ कर्मचारीले रु.९३६६६६। औषधी उपचार वापतको रकम भुक्तानी लिएको छ । नगरपालिकाले सेवा अवधिमा लिएको औषधी उपचारको रकम सेवा अवधि पश्चात निवृत्त हुँदा पाउने सुविधामा उक्त रकम कट्टा गरी भुक्तानी गर्नु पर्दछ । नगरपालिकाले उक्त खर्चको लामो अवधि सम्म राख्नु पर्ने अभिलेखलाई व्यवस्थित गर्नु पर्दछ ।

| सुविधा प्राप्त गर्ने कर्मचारीको नाम | रकम |
|---|---|
| उजिर मान राई | ४१०५६२ |
| कालिका थापा | ५२६१०४ |
| जम्माः | ९३६६६६ |

| | | | | |
|---|---|---|---|---|
| १८ | | | **पेश्की बाँकी**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ बमोजिम आर्थिक वर्षको अन्तमा फछ्यौट गर्नुपर्ने बाँकी पेश्की रु. | २,४१८,८४५ |


https://nams.oag.gov.np

| सि.नं. | पेस्कि लिएको मिति | पेश्कीको प्रयोजन | पेस्कि लिने, व्याक्ति, फर्म/कम्पनि | म्याद नाघेको | म्याद ननाघेको | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २०७८।३।३ | सिंचाई कुलो निर्माण | सालबोटे कूलो सिंचाइ जल उपभोक्ता संस्थ | ० | ७०४३८० | ७०४३८० |
| २ | २०७८/३/४ | सिंचाई कुलो निर्माण | रजया सिंचाइ कूलो उपभोक्ता संस्थ | ० | १५६०००० | १५६०००० |
| ३ | २०७८/३/६ | सिंचाई कुलो निर्माण | याक्चना कूलो जल उपभोक्ता संस्था | ० | ६२६३२६ | ६२६३२६ |
| ४ | २०७८/३/२८ | सिंचाई कुलो निर्माण | मालबांसे सिंचाइ जल उपभोक्ता संस्था | ० | १३१३१९८ | १३१३१९८ |
| ५ | २०७८/२/११ | सडक निर्माण | शशिधर निर्माण सेवा | ८३५००० | ० | ८३५००० |
| ६ | २०७७/६/४ | एम्बुलेन्स खरिद | अग्री इन्कर्पोरेशन प्रा.लि. | १०५०८४५ | ० | १०५०८४५ |
| ७ | २०७७/७/२ | पुस्तक प्रकाशन | धनकूटा साप्ताहिक | ३३००० | ० | ३३००० |
| ८ | २०७८/३/३० | पशु प्रवर्द्धन | निलगिरी एकिकृत कृषि फर्म | ५०००० | ० | ५०००० |
| ९ | २०७८/३/३० | पशु प्रवर्द्धन | शिशिर एकिकृत कृषि फर्म | ५०००० | ० | ५०००० |
| १० | २०७८/३/३० | पशु प्रवर्द्धन | संजिव घिमिरे | ५०००० | ० | ५०००० |
| ११ | २०७८/३/३० | पशु प्रवर्द्धन | लक्ष्मी गाइ फर्म | ५०००० | ० | ५०००० |
| १२ | २०७८/३/३० | पशु प्रवर्द्धन | दिपक घिमिरे | ५०००० | ० | ५०००० |
| १३ | २०७८/३/३० | पशु प्रवर्द्धन | मोहन घिमिरे | ५०००० | ० | ५०००० |
| १४ | २०७८/३/३० | पशु प्रवर्द्धन | कल्पना बूढाथोकी | ५०००० | ० | ५०००० |
| १५ | २०७८/३/३० | पशु प्रवर्द्धन | गणेश सूबेदी | ५०००० | ० | ५०००० |
| १६ | २०७८/३/३० | पशु प्रवर्द्धन | पार्वती कोइराला | ५०००० | ० | ५०००० |
| १७ | २०७८/३/३० | पशु प्रवर्द्धन | सूनिता कार्की | ५०००० | ० | ५०००० |

| | | | | |
|---|---|---|---|---|
| | | | जम्माः \| २४१८८४५ \| ४२०३९०४ \| ६६२२७४९ | |
| १९ | | | **मेयर कृषि पर्यटन कार्यक्रम** | |
| १९.१ | | | नगरसभाले मेयर कृषि पर्यटन कार्यक्रम संचालन गर्नको लागी रु.१०००००० बजेट व्यवस्था गरेको देखिन्छ।उक्त खर्च सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।<br><br>१. तेखिमे कृषि परामर्श सेवा फर्म धनकुटा सँग २०७७/६/२३ मा कार्यालयले सम्झौता गरेको देखिन्छ । सम्झौताको बुँदा नं १ मा न.पा क्षेत्र भित्रका नर्सरीलाई एकिकृत गरि न.पा मा दर्ता गर्ने, गुणस्तरीय विरुवा उत्पादन सम्बन्धमा व्यवहारीक, सैदान्तिक तालिम दिने, एभोकाडोको ग्राफ्टिङ विरुवा उत्पादन प्रविधि तथा व्यावसयिक सुन्तला खेतीको लागी कृषक तथा व्यावसायीहरुलाई तालिममा भ्रमण तथा परामर्श सेवा प्रदान गर्ने उल्लेख छ । सो कार्य गरेवापत उक्त परामर्शदातालाइ रु. ५००००० भुक्तानी दिने व्यवस्था छ। तेखिमे कृषि परामर्श सेवा फर्मले उक्त तालिम संचालन गर्न सक्ने नसक्ने के हो र उक्त फर्मसँग ति विषयमा तालिम दिने जनशक्ति पर्याप्त रहे नरहेको यकिन गरि कार्यक्षेत्रगत शर्त (terms of reference) तयार गरी कार्य गर्नुपर्नेमा संस्थाले उक्त तालिम संचालन गर्न सक्ने व्यावसायिक/ पेशागत फर्म दर्ता भएको सुनिश्चिचतता वेगर सम्झौता गरेको देखिनुका साथै तालीम संचालनको स्वीकृत रुटिङ, विषयवस्तु छनौट, सहभागीको कक्षागत उपस्थिति विवरण वेगर तालीम प्रदानको सुनिश्चिचतता हुन नसकेको रु... | ५००,००० |
| १९.२ | | | **व्यवसायीक क्षमताः** पि.जे कृषि तथा पशुपंक्षी फर्म धनकुटाले विषादी न्युनिकरणको लागी सैदान्तिक तथा व्यावसायिक दक्षता भएको प्रमाण पेश नभएको मा रु.३००००० भुक्तानी गरेको नियमित नदेखिएको रु... | ३००,००० |
| २० | | | **अन्य कार्यालयको दायित्व**<br>नगरपालिकामा प्राप्त बजेट नगरवासीको शिक्षा, स्वास्थ्य, रोजगारी सिर्जना तथा आय आर्जनका कार्यक्रमहरु संचालन गरी खर्च गर्नुपर्नेमा नगरपालिकाको वडा नं ९ लेख बहादुर न्यौपानेसँग सम्झौता गरी वार्षिक रु.१३५२९९।४५ अस्थायी प्रहरी चौकीको रकम घरभाडा भुक्तानी गरेको देखिन्छ । अस्थायी प्रहरी चौकी जिल्ला प्रहरी कार्यालय मातहतमा हुने र उक्त चोकिको घरभाडा सम्बन्धि बजेट व्यवस्थापन सम्बन्धित निकायबाट गर्नुपर्ने देखिन्छ ।अन्य कार्यालयको दायित्व नगरपालिकाले व्यहोर्ने गरी सम्झौता गरी भुक्तानी गर्ने कार्यमा नियन्त्रण गरिनु पर्दछ । | |
| २१ | | | **ज्येष्ठ नागरिक सम्मान कार्यक्रम**<br>नगरपालिकाले रोजगार सिर्जना हुने, स्थानिय श्रम र सिपको प्रयोग हुने, आयमूलक कार्यक्रम संचालन गर्नुपर्दछ । अनुत्पादक एवं वितरणमुखी कार्यक्रमको लागि बजेट खर्च गर्ने गरी कार्यक्रम छनौट गरी पारित गर्नु उपयुक्त होइन । निम्नानुसार वडाहरुलाई यो वर्ष निम्नानुसार रु. 850000 बजेट व्यवस्था गरी खर्च गरेको देखियो । थप पूँजि निर्माण नहुने | |

| | | | यस्ता प्रकारका कार्यक्रमहरुमा गरिने खर्चमा नियन्त्रण गरिनुपर्दछ । | |
|---|---|---|---|---|

| वडा नं | रकम |
|---|---|
| १ | २००००० |
| २ | ५०००० |
| ३ | ५०००० |
| ४ | ५०००० |
| ५ | ३००००० |
| ६ | ५०००० |
| ७ | ५०००० |
| ८ | - |
| ९ | - |
| १० | १००००० |
| जम्मा | ८५०००० |

| | | | | |
|---|---|---|---|---|
| २२ | | | **अनुत्पादक तथा वितरणमुखि खर्च**<br>सार्वजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा न.पा ले प्राप्त श्रोत र साधनको प्रभावकारी परिचालनद्रारा रोजगारी सिर्जना आयमूलक कार्यक्रमहरु संचालन गर्ने गरी बजेट परिचालन गर्नुपर्दछ । समानीकरण चालु तर्फको नमूना छनौटको आधारमा केही भौचरहरुको परीक्षण गर्दा देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा खर्च गरेको देखिन्छ ।तर्सथ यस प्रकारको खर्चमा नियन्त्रण गरिनुपर्दछ । | |

| गो.भौ.न /मिति | भुक्तानी पाउनेको नाम | रु |
|---|---|---|
| २३७- २०७७।८।८ | गंगाचार्य सामुदायिक विश्वभाषा पुस्तालय | १०००००० |
| २४१- २०७७।८।८ | मधुमेही समाज नेपाल | १५००० |
| २७- २०७७।८।१८ | देउराली युवा क्लव धनकुटा | १५००० |
| २८२- २०७७।८।१८ | ब्रम्ह कुमारी राजयोग सेवा केन्द्र | १०००००० |
| ६१३- २०७७।११।१२ | अल्जायमर्स सेवा समाज नेपाल | २५००० |
| १००६- २०७७।३।११ | नेपाल राष्ट्रिय अभिभावक संघ | २०००० |
| १०५८- २०७७।३।१६ | वडा नं 6 को युवा लक्षित कार्यक्रम | २०३५० |
| ९५८- २०७७।३।१ | ज्वालादेवी एकल महिला समुह पाथिभरा माताको दर्शन | ५०००० |
| १०९६- २०७७।३।२० | दलित लक्षित सामाजिक विकास सरोकार केन्द्र | ५०००० |
| ११०२- २०७७।३।२१ | युवा सचेतना कार्यक्रम (मार्गा टोल वस्ती संगठन) | १०००००० |

| | | | | |
|---|---|---|---|---|
| २३ | | | **समायोजन ग्रेड**<br>कर्मचारी समायोजन ऐन २०७५ को दफा ७(४) अनुसार पाँच बर्ष भन्दा कम सेवा अवधि भएका कर्मचारी समान तहमा समायोजन हुँदा खाइपाई आएकोमा दुई ग्रेड थप दिने र पाँच बर्ष वा पाँच बर्ष भन्दा बढी सेवा अवधि भएका कर्मचारीको हकमा एक तह माथि समायोजन गर्ने कुरा उल्लेख भएको छ । नगरपालिकाले एक तह माथि तह बृद्धि सहित समायोजन भएका आठौं तहका कर्मचारी श्री नगेन्द्र मणी श्रेष्ठलाई खाइपाई आएको तलव भत्तामा घटी नहुने गरी हिसाव गर्दा दुई ग्रेड मात्र थप पाउनेमा पाँच ग्रेड थप गरी तलब भत्ता भुक्तानी दिएकोले बढी भुक्तानी भएको तीन ग्रेड रकम असुल गर्नुपर्ने भनि गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएकोमा यस वर्ष पनि सुधार नभएकोले चाडपर्व खर्च सहित निजलाई भुक्तानी भएको मासिक तिन ग्रेडले भएको वढी भुक्तानी असूल हुनुपर्ने रु... | ५७,१६६ |
| २४ | | | **करारका कर्मचारी**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्य बोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न | |

| | | | | |
|---|---|---|---|---|
| | | | पदमा ८१ जना कर्मचारीहरु करारमा राखी रु.१८७२३८८५। खर्च लेखेको छ । पालिकाले आफ्नो संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी दरवन्दी यकिन गर्नु पर्दछ । | |
| २५ | | | **कर्मचारीको स्तरवृद्धि तथा तह मिलान**<br>नेपालको संविधान, २०७२ को धारा २२७ मा गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालय सम्वन्धि अन्य व्यवस्था प्रदेश कानून वमोजिम हुने व्यवस्था छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६(१) मा स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्वन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने व्यवस्था गरि दफा ८६(२) मा उपदफा(१) को अधिनमा रहि स्थानिय सेवा को गठन, संचालन, व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धि अन्य व्यवस्था स्थानिय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ ।<br>कर्मचारी समायोजन ऐन,२०७५(२) (क) ले अन्य सेवाका कर्मचारीको परिभाषा गरेको छ । समायोजन ऐनको दफा ७(८) मा सरकारी सेवामा तहगत रुपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानिय तहमा समायोजन गर्नुपर्दा प्रदेश वा स्थानिय तहको सेवाको सम्बन्धित तहमा समायोजन गरिने व्यवस्था रहेको छ । संविधानमा भएको व्यवस्था बमोजिम नगरपालिका कर्मचारी सम्बन्धि प्रदेश कानून हाल सम्म निर्माण भइ लागु भएको छैन ।<br>धनकुटा नगरपालिका कर्मचारी सेवा ऐन,२०७७ व्यवस्था गरि नगरपालिकामा स्थायी पदमा कार्यरत कर्मचारीलाई ऐनको दफा ३२ अनुसार २०७८ बैशाख १ गते देखी लागु हुने गरी विभिन्न २१ जना कर्मचारीलाई चौथोबाट पाँचौ तह, पाँचौ बाट छैठौ तह, छठौ बाट सातौ र सातौ तहबाट आठौ तहमा स्तरवृद्धि गरेको र स्तरवृद्धि तहमा मिलानमा नपरेका विभिन्न १५ जना कर्मचारीलाई २(दुई) ग्रेड थप गर्न निर्णयको आधारमा स्तरवृद्धि तथा थप ग्रेड दिएको देखिन्छ। यसरी संविधान अनुसार प्रदेश कानून नबनेको अवस्था स्थानिय सरकार संचालन ऐन को दफा ८६(१) ले स्थानिय सेवाको गठन सेवाको शर्त तथा सुविधा सम्बन्धि आधारभुत सिदान्त र मापद्ण्ड संघिय कानूनले निर्धारण गरे बमोजिम हुने व्यवस्था विपरित देहाय बमोजिम स्तर वृद्धि र ग्रेड वृद्धि गरी २०७८ बैशाख १ गतेबाट लागु हुने गरी स्तरवृद्धि भएका कर्मचारी संख्या २१ र ग्रेठ वृद्धि भएका कर्मचारी संख्या १५ रहेबाट स्तरवृद्धि तथा ग्रेड समायोजनबाट मासिक रु.८९१९९.१० ले बैशाख, जेष्ठ, र असारमा गरी रु.२६७५९७.३ बढी व्ययभार भएको नियमित नभएको रु. | २६७,५९७ |
| २६ | | | **आर्थिक सहायता**<br>सरकारको बार्षिक कार्यक्रममा परेका वाहेक कुनैपनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलब्ध गराउने नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्राभावकारिता कायम गर्ने सम्बन्धि नीतिगत मार्गदर्शन, २०७७ मा उल्लेख छ। उपरोक्त व्यवस्था स्थानिय तहका सबै कार्यालयहरुले पालना गर्नुपर्ने समेत उल्लेख छ। मिति २०७८ बैशाख ७ गतेको कार्यपालिकाको निर्णय बमोजिम विभिन्न ३१६ जना नगरपालिका क्षेत्र भित्र बसोबास गर्ने विपन्न, असहाय, वृदवृद्धा तथा विभिन्न कारणले आर्थिक रुपले कमजोर रहेका व्यक्तिहरुलाई निवेदन लिइ नगरप्रमुखको तोक आदेशानुसार यो वर्ष रु.१४२८४००। आर्थिक सहायता वितरण गरेको देखियो। आर्थिक सहायता एवं अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन । उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक वृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौती गर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र आर्थिक सहायता र औषधि उपचार खर्च गर्नुपर्ने देखिन्छ । | |
| २७ | | | **एफ.एम. रेडियो** | १,०००,००० |

| | | | | |
|---|---|---|---|---|
